पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
पोखरा लेखनाथ महानगरपालिका-३०, कास्की
फोन नं :- ०६१-५०४१४६, ०६१-५०४०८६

**उत्तरपुस्तिका छपाई गरी खरिद गर्ने बारेको बोलपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः- २०७५।०३।०७)

यस कार्यालयद्धारा आर्थिक बर्ष २०७५/०७६ मा देहायका विवरण बमोजिमका उत्तरपुस्तिकाहरु छपाई गरी खरिद गर्नुपर्ने भएकोले सम्बन्धित कार्यको इजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्था वा कम्पनीहरुबाट बोलपत्र फाराममा उल्लेखित सर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

| विज्ञापन नं. | छपाई गर्नुपर्ने उत्तरपुस्तिकाको विवरण | परिमाण | बोलपत्र फाराम दस्तुर (रुपैयाँ) | बोलपत्र जमानत वापत राख्नुपर्ने रकम ( रुपैयाँ) | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय | बोलपत्र खोल्ने मिति, समय |
|---|---|---|---|---|---|---|---|
| १।२०७५।० ७६ | मूल उत्तरपुस्तिका १० पाने (२० पेज, ९" ×११" को साइजमा, दुई रङ्गमा छपाई र नम्बरिङ्ग गर्नुपर्ने) | ५,००,००० (पाँच लाख) थान | ३,०००।- | १,१०,०००।- | २०७५/०४/ ०४ गते कार्यालय समय भित्र (अपरान्ह ५ वजे ) | २०७५/०४/०६ गते दिनको १२ बजे भित्र | २०७५/०४/०६ गते दिनको १ बजेभित्र |
| | थप उत्तरपुस्तिका ४ पाने (८ पेज, ९" ×११" को साइजमा, दुई रङ्गमा छपाई र नम्बरिङ्ग गर्नुपर्ने) | ६,००,००० (छ लाख) थान | | | | | |

१· बोलपत्र फाराम मिति २०७५ साल साउन ४ गते कार्यालय समय भित्र यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको खाता नम्बर ०११०५०२००११९३८ मा रु. ३,०००।- (अक्षरुपी तीन हजार रुपैयाँ मात्र फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंङ्क भौचर यस कार्यालयमा पेश गरी खरिद गर्नुपर्नेछ ।

२· बोलपत्र फाराम खरिद गर्नको लागि सम्बन्धित कामको लागि इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी लिई उपस्थित हुनु पर्नेछ ।

३· बोलपत्र फाराम भरी खाममा शिलबन्दी गरी खाम बाहिर यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना, फोन नम्बर आदि स्पष्ट रुपमा उल्लेख गरी यस पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा-३०, कास्कीमा, मिति २०७५ साल साउन ०६ गते दिनको १२ बजेभित्र दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन बिदा परेमा भोलिपल्ट दिनको १२ वजे भित्र दर्ता गर्न सकिनेछ ।

४· रितपूर्वक म्यादभित्र प्राप्त बोलपत्रहरु मिति २०७५ साल साउन ६ गते दिनको १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । उक्त दिन विदा परेमा भोलिपल्ट सोही समयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५· बोलपत्रसाथ धरौटी वापत रु १,१०,०००।-(अक्षेरुपी एक लाख दश हजार रुपैयाँ मात्र) यस कार्यालयको नाममा, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको ब.हि.नं. ०११०५०२००११९३८ खातामा जम्मा गरी सोको सक्कल भौचर बोलपत्रसाथ अनिवार्य संलग्न गर्नुपर्नेछ ।

६· बोलपत्रसाथ आर्थिक बर्ष २०७४/०७५ सम्म नविकरण गरेको सम्बन्धित कामको लागि ईजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट आर्थिक बर्ष २०७३/०७४ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नुपर्नेछ ।

७ बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजायँ नपाएको भनी लिखित रूपमा स्वयम घोषणा पत्र संलग्न गर्नुपर्नेछ ।

८· म्यादभित्र प्राप्त नभएको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा सुरक्षित रहनेछ ।

९· बोलपत्रदाताले कबोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०· विस्तृत स्पेसिफिकेसन र छपाई गर्नुपर्ने कागजको नमूना बोलपत्र फारामसाथ संलग्न गरिनेछ ।

११· यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा पोखरा विश्वविद्यालय खरिद नियमावली २०७२ बमोजिम हुनेछ ।

१२. बोलपत्र फारामको विक्री पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा-३०, ढुङ्गेपाटन, कास्की र काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल, काठमाण्डौबाट गरिनेछ । बोलपत्र दर्ता र खोल्ने कार्य पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा-३०, ढुङ्गेपाटन, कास्कीमा गरिनेछ ।